नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १८७ २०७७ साल फागुन १२ गते बुधबार (24 Feb. 2021 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बावु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक सञ्जाल उपयोगसम्बन्धी ... ३ पृष्ठमा : डिजिटल अनुगमन ... ३ पृष्ठमा : फेसबुक र अस्ट्रेलियाली...

# सर्वोच्चद्वारा प्रतिनिधिसभा पुर्नवहाली खुशीयालीमा सप्तरीमा दिप प्रज्जवलन





**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सर्वोच्च अदालतले मंगलबार प्रतिनिधिसभा विघटन गर्ने निर्णयलाई बदर गर्दै १३ दिनभित्र संसद अधिवेशन बोलाउन आदेश दिएको छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले संसद विघटन बदर गर्ने आदेश दिएको हो ।

यसैबीच ससंद पुर्नवहाली भएको खुशियालीमा सप्तरी सदरमुकाम राजविराजमा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले दिप प्रज्जवलन गरेका छन् ।

राजविराजस्थित जनआन्दोलन चौक तथा गजेन्द्र चौकस्थित स्व. गजेन्द्र नारायण सिंहको शालिकमा दिप प्रज्जवलन गरिएको छ । सो अवसरमा नेकपा दाहाल नेपाल पक्षधरका सप्तरी अध्यक्ष उमेश कुमार यादव, जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, मजदुर नेता केदार देव, जसपका विद्यार्थी नेता शम्भु यादव लगायतका दर्जनौं नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गत पुस ५ गते संसद विघटन गरी वैशाख १७ र २७ गते निर्वाचन घोषणा गरेकी थिइन् । त्यसविरुद्ध १३ वटा रिट सर्वोच्चमा दर्ता भएका थिए ।

'प्रतिनिधिसभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकुल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७) धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम भनी संघीय संसदको वर्तमान प्रतिनिधिसभा विघटनका लागि सम्माननीय राष्ट्रपतिसमक्ष गर्नुभएको मिति २०७७/९/५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्ति समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारबाहीहरु असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानुनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ' आदेशमा भनिएको छ ।

यो आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधिसभा उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको पनि फैसलामा उल्लेख रहेको विभिन्न समाचार संस्थाहरुले जनाएका छन् ।

# श्रोत नखुलेको १० लाख नेपाली रुँपैयासहित दुई महिला पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सशस्त्र प्रहरीले श्रोत नखुलेको १० लाख नेपाली रुँपैयासहित मंगलबार दिउँसो दुई महिलालाई पक्राउ गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रमा चेकजाँचमा खटिएको सशस्त्रका प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

सीमावर्ती भारतीय बजारबाट आउँदै गरेकी सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ की ३८ वर्षिया कबिता दास र उनका छिमेकी २२ वर्षिया रिन्कु कुमारी दासलाई सो रकमसहित प्रहरीले पक्राउ गरेको जनाएको छ ।

शंका लागेर चेकजाँच गर्दा उनीहरुको साथबाट श्रोत नखुलेको १० लाख रुँपैया बरामद भएको र दुबैलाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रियाका लागि भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं. ६ हेडक्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए । *बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# अन्तत जनताको जित

अन्तत सर्वोच्च अदालतले संघीय गणतन्त्रको मर्म अनुसार जनताको हीतमा फैसला गर्दै संसद पुर्नवहाली गरेको छ। दुई महिना बढी समयदेखी मुलुक राजनीतिक दाउपेचमा फसेको बेला सर्वोच्चको फैसलाले मुलुकलाई राजनीतिक निकास दिएको छ। अदालतले ऐतिहासिक फैसला गर्दै मुलुकमा हुने राजनीतिक द्वन्दबाट जोगाएको छ।

गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले संसद विघटन गरी वैशाख १७ र २७ गते निर्वाचन घोषणा गरेकी थिइन्। सो को बिरुद्ध १३ वटा रिट परेको थियो। सोही रिटमा सुनुवाई गर्दै सर्वोच्चले मंगलबार ऐतिहासिक फैसला गरेको हो। प्रधानमन्त्रीको उक्त असंबैधानिक कदम बिरुद्ध प्रधानमन्त्रीको आफ्नै पार्टीको एक पक्षधर लगायत मुलुकको सम्पूर्ण राजनीतिक दल बिरोधमा उत्रेको थियो। पुस ५ पछि नेपालमा दिनहुँजसो असंबैधानिक कदमबिरुद्ध जुलुस तथा प्रदर्शन जारि थियो।

जनताको पक्षमा भएको ऐतिहासिक फैसलाले अदालतप्रति विश्वास झनै बढेको छ। तसर्थ आउँदो दिनमा मुलुकको राजनीतिक गतिविधीले मुलुकमा स्थिरता कायम गरोस् भन्ने शुभकामना छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति, २०७७ कार्यान्वयन

काठमाडौँ, ११ फागुन (रासस)।

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्ने उद्देश्यले आयोगले नयाँ नीति कार्यान्वयनमा ल्याएको हो।

निर्वाचन व्यवस्थापनमा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषताअनुरूप हुने गरी रूपान्तरण गर्ने, सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्न योगदान पुग्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

समाजका सबै वर्ग, लिङ्ग, समुदाय र उमेर समूहका मानिसमा सामाजिक सञ्जालप्रतिको आकर्षण बढ्दै गएको परिप्रेक्षमा एकातर्फ सामाजिक सञ्जालको उपयोग गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्री, निर्वाचन आयोगका गतिविधि, निर्वाचनका सबै चरण र प्रक्रियाका निर्वाचनसम्बन्धी सूचनाहरू छिटोछरितो, मितव्ययी एवम् प्रभावकारी तवरबाट सम्प्रेषण गर्न सकिने अवसर सिर्जना भएको आयोगको दाबी छ।

सूचना प्रविधि एवम् सामाजिक सञ्जालको क्षेत्रमा कार्यरत निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्दै आगामी दिनमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी बनाउन नीति सहयोगी हुने आयोगले अपेक्षा गरेको छ। नीति कार्यान्वयनमा आएसँगै आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितोरूपमा प्रवाह गरी पारदर्शी बनाउने, सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य वृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्ने, युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता हुनेछ।

प्रचारप्रसार एवम् पहुँच वृद्धि गर्ने, सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न योगदान पुग्ने विश्वास गरिएको छ। सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्ने, निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चारमाध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचनसम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्ने जस्ता कार्यमा नीति कार्यान्वयनबाट सहज हुनेछ।

सामाजिक सञ्जालका मञ्चको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड एवम् द्वेषपूर्ण अभिव्यक्ति जस्ता क्रियाकलापमार्फत निर्वाचनलाई नकारात्मकरूपमा प्रभाव पार्ने एवम् निर्वाचनको समयमा सामाजिक सञ्जालको माध्यमबाट बाह्य हस्तक्षेप हुन सक्ने जोखिमको विगतमा महसुस गरी नीति कार्यान्वयनमा ल्याइएको हो। समाजिक सञ्जालबाट सिर्जित उल्लिखित अवसरको सदुपयोग गर्ने एवम् सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्ने प्रयासस्वरुप नीति तर्जुमा गरिएको जानकारी दिइएको छ।

उक्त नीति तर्जुमा गर्दा संवैधानिक एवम् कानूनी व्यवस्था, पन्ध्रौँ पञ्चवर्षीय योजना, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना एवम् विगतका अभ्यासबाट प्राप्त सिकाइ तथा उपलब्धिलाई आधार मानिएको आयोगले स्पष्ट गरेको छ। नीतिको दूरदृष्टि 'व्यवस्थित, मर्यादित एवम् विश्वसनीय सामाजिक सञ्जाल' छ भने 'निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गर्ने" ध्येय रहेको छ।

'स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य बनाउने' लक्ष्य रहेको उक्त नीतिको उद्देश्य निर्वाचनसम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउने हो। आयोगका सूचना, गतिविधि तथा निर्वाचन शिक्षा सामग्री सामाजिक सञ्जालमार्फत आमनागरिकसमक्ष पुऱ्याई सहज पहुँच र निर्वाचनको विश्वसनीयता अभिवृद्धिका लागि सामाजिक सञ्जालको उपयोगमा बहुपक्षीय समन्वय र सहकार्यका लागि सहयोग पुग्नेछ।

नीतिमा ६ वटा रणनीति र रणनीतिअन्तर्गत ३० वटा कार्यनीति तय गरिएको छ। नीति कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति जस्ता संस्थागत व्यवस्था गरी समितिका काम, कर्तव्य र अधिकारसमेत परिभाषित गरिएको छ।

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# डिजिटल अनुगमन प्रणाली : ढुवानीमा कैफियत गर्नेलाई धमाधम समाइँदै

काठमाडौँ, ११ फागुन (रासस) ।

गएको साता भारतबाट झण्डै १० हजार किलो चिनी भन्सार छलेर काठमाडौँ आइपुग्यो । राजश्व अनुसन्धान विभागको मालवस्तु ढुवानीमा प्रयोग गरेको डिजिटल अनुगमन प्रणाली (सूचना प्रणाली)मार्फत अनुसन्धान गर्दा उक्त चिनी आयातको स्रोत फेला परेन ।

चिनी आयातकर्ताले भारतबाट रातारात तस्करी गरेर चिनी नेपाल भित्रचाई नक्कली कागजात बनाएर विभागको सूचना प्रणालीमा प्रविष्ट गराएर काठमाडौँ ल्याएका थिए । काठमाडौँ आएपछि उनलाई अब त राजश्व अनुसन्धान विभागको कारवाहीबाट बचियो भन्ने लागेको थियो होला । तर उनको अनुमानले काम गरेन । अन्तत उनको कैफियत विभागले प्रयोग गरेको सूचना प्रणालीमार्फत पत्ता लाग्यो ।

विभागका महानिर्देशक दीर्घराज मैनाली भन्नुहुन्छ, “तस्करी गरेर चिनी ल्याएको हाम्रो सूचना प्रणालीले पत्ता लगायो, अहिले चिनी र ट्रकलाई नै नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका छौँ, यसरी छली गरेर ल्याएको कपडाको विषयमासमेत हाम्रो अनुसन्धान जारी छ ।” विभागले सबै कपडा पसललाई सिल गरेको छ । अघिल्लो वर्ष एक करोडको कारोबार गरेको व्यावसायिक संस्थाले अहिले ६ करोडको कारोवार भयो भने त्यो विभागको सूचना प्रणालीमा थाहा हुन्छ । कारोवारमा एक्कासी आमूल परिवर्तन देखिँदा उसमाथि अनुसन्धान केन्द्रित हुन्छ । स्रोत नखुले उ कारवाहीको भागिदार हुन्छ ।

दुबै घटनाको विषयमा अनुसन्धान नसकिएकाले विस्तृत विवरण सार्वजनिक गरिएको छैन । नाम सार्वजनिक गर्दा संलग्न व्यक्तिहरू भाग्न सक्ने भएकाले गोप्य राखिएको मैनाली बताउनुहुन्छ । उहाँका अनुसार तस्करी गरेर चिनी ल्याउने व्यक्तिले यसरी चार पटक कैफियत गरेको पाइएको छ । उनीविरुद्ध अहिले रु ८ लाख धरौटी राखेर अनुसन्धान जारी छ । उनीहरूले रातभर लगाएर भारतबाट मालवस्तु नेपाल प्रवेश गराउने गरेका छन् ।

त्यसपछि नेपालमा नक्कली कम्पनी फर्म खडा गरेर एक फर्मबाट अर्कोमा मालवस्तु बिक्री गरेको देखाएर ठूलो रकमको राजश्व छली गर्ने गरेका छन् । अनुसन्धानले त्यो कुरालाई पुष्टि गरेको विभागको भनाइ छ ।

महानिर्देशक मैनाली मालवस्तु ढुवानीमा सूचना प्रणालीको प्रयोगले व्यवहारमै परिवर्तन देखिएको बताउनुहुन्छ । उहाँले अब आर्थिक अनुशासन कायम राख्ने हो भने सूचना प्रणालीलाई व्यवस्थित गर्नुको विकल्प नभएको समेत बताउनुभयो । भन्सार छलेर आयात भएका मालवस्तु र त्यस्तै अवैध कारोवारमा संलग्न व्यक्तिलाई करको दायरमा आउन उक्त सूचना प्रणाली एउटा महत्वपूर्ण माध्यम बन्न पुगेको छ ।

विभागले २०७६ साउनबाट राजश्व चुहावट अनुसन्धान तथा नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन, स्वस्थ, व्यावसायिक प्रतिस्पर्धा कायम गरी अनौपचारिक आर्थिक कारोवारलाई औपचारिकतर्फ लैजान भेहिकल कन्साइनमेन्ट ट्र्याकिङ सिष्टम (भिसिटिएस) प्रयोगमा ल्याएको थियो । उक्त प्रणाली लागू भएपछि व्यवसायीलाई आर्थिक अनुशासन कायम गर्न दबाब सिर्जना गरेको छ । यसले स्वेच्छिक कर सहभागिता बढाएको छ ।

डिजिटल नेपाल अवधारणालाई सहयोग पुऱ्याउन, आर्थिक सुशासन प्रवर्द्धन गर्न, सूचना र प्रविधिको प्रयोग गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा १३ग मा भएको व्यवस्था अनुसार व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली प्रयोग गरिएको हो । विभागबाट प्राप्त विवरण अनुसार यसले राजश्वको दायरासमेत बढेको र करको दायरामा नआएका व्यवसायीलाई दायराभित्र प्रवेश गराउन सहज भएको छ ।

उक्त सूचना प्रणाली छल्न खोज्ने व्यक्ति विरुद्ध झण्डै ३० करोड विगो कायम गरी मुद्दा चलइएको मैनालीले बताउनुभयो । उहाँले सशस्त्र र नेपाल प्रहरी तथा सम्बन्धित भन्सार विभागको सहयोग जरुरी रहेको बताउनुभयो । पछिल्लो समयमा एक हजार अनुगमनमा यसरी प्रणाली छली गरी मालसामान ढुवानी गर्नेलाई रु ५ करोड बढी जरिवानासमेत लगाइसकिएको छ । विभाग तथा जिल्लास्थित कार्यालयबाट विभिन्न टोली बनाइ चौबिसैं घण्टा छड्के अनुगमनको लागि विभिन्न स्थानमा टोलीसमेत खटाइएको मैनालीले जानकारी दिनुभयो ।

अहिलेसम्म सूचना प्रणाली प्रयोग गर्ने एक लाख १२ हजार पुगिसकेका छन् । उक्त प्रणालीमार्फत ४० खर्ब ११ अर्ब बराबरको मालवस्तु सूचना प्रणालीमा प्रविष्ट गराइ ओसारपसार भइसकेको छ । यसले राजश्व वृद्धिमा सहयोग पुऱ्याएको विभागको भनाइ छ ।


राजबिराज नगरपालिका

☎ ०३१-५२०३०८

नगरकार्यपालिकाको कार्यालय

राजबिराज , सप्तरी

प.सं.:२०७७/०७८

मिति : २०७७।११।१२

**वाली बस्तु साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्वन्धि सूचना ॥**

**(प्रथम पटक प्रकाशन)**

यस कार्यालय आ.व.२०७७।०७८ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु “ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , परियोजना कार्यान्वन म्यानुवल २०७७** ” वमोजिम सहकार्यमा कार्यगर्न ईच्छुक कृषि सहकारी संस्था/कृषक समुह/संस्था/जल/वन उपभोक्ता समिती/कृषि फार्म हरुले यो सुचना प्रकाशित भएको मितीले १५ औं दिन अर्थात ( फारम दर्ता हुने अन्तिम मिती :- २०७७/११/२६) सम्म कार्यालय समय भित्र तपसिल वमोजिम संग्लन कागजात सहित कार्यालय समय भित्र सिलवन्दी प्रस्तावना पत्र कृषि विकास शाखामा दर्ता गर्न हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| सि.नं. | कार्यक्रम | संख्या | पालिकावाट व्यहोरिने साझेदारी रकम रु |
|---|---|---|---|
| १. | वाली वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १ पटक | २०,००,०००। |

तपसिल अनुसार संग्लन कागजातहरू

१. अनुसुची ६ अनुसारको आवेदन फारम ।
२. अनुसुची ७ पकेट क्षेत्र मागकोलागी आधारभुत तथ्याङ.फारम ।
३. अनुसुची ८ अनुसारको संक्षिप्त कार्ययोजना ।
४. अनुसुची ९ अनुसारको लागत प्रतिबद्धता ।
५. अध्यक्ष । प्रोप्राईटरको नागरीकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
६. सम्वन्धित निकायमा कृषि सहकारी संस्था/कृषक समुह/संस्था/जल/वन उपभोक्ता समिती/कृषि फार्म दर्ता तथा नवीकरण भएको प्रतिलिपी प्रमाण पत्रको प्रतिलिपी ।
७. पकेट माग गर्ने संस्थाहरुको कार्य समितीको निर्णयको प्रतिलिपी ।
८. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम शौक्षिक योगयता,अनुभव) प्रतिलिपिहरू

( मदन कुमार थापा )
( प्रमुख प्रशासकिय अधिकृत )

मदन कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना फारम वितरण तथा दर्ता सम्वन्धी तालिका**

**प्रस्तावना फारम पाइने तथा दर्ता हुने स्थान :** राजविराज नगरपालिका कृषि विकास शाखा ,राजविराज

**दस्तुर :** रु ३००। :- रा.वि.नं.पा.राजश्व शाखा ।

**फारम दर्ता हुने :** राजविराज नगरपालिका अन्तरगंत सहकारी संस्था,कृषक समुह/समितीहरुले मात्र दर्ता गराउन पाउने छ ।

**विस्तृत जानकारीको लागी** कृषि विकास शाखा श्री हरीनारायण यादव मो. ९८१४७५८३९८


## विश्व समाचार

### फेसबुक र अस्ट्रेलियाली सरकारबीचको विवाद समाधान

सिड्नी, ११ फागुन (रासस/एएफपी) ।

प्रविधि क्षेत्रको अग्रणी संस्था फेसबुकले अस्ट्रेलियाली समाचार संस्थासँग जारी विवाद समाधान भएको जनाएको छ ।

अस्ट्रेलियाली सञ्चारमाध्यमको दबाबमा सरकारले फेसबुक र गूगलमा अस्ट्रेलियाली सञ्चारमाध्यमका सामग्री प्रकाशन गरे त्यसबापत भुक्तानी गर्नुपर्ने कानुन ल्याएपछि विवाद उत्पन्न भएको थियो । फेसबुकले सञ्चारमाध्यमका समाचार र अन्य सामग्री फेसबुकमा प्रकाशन भए त्यसको भुक्तानी नगर्ने बरु सञ्चारमाध्यमका सामग्री नै फेसबुकमा देखिन बन्द गर्ने धम्की दिएको थियो ।

अस्ट्रेलिया सरकारले सञ्चारमाध्यम र फेसबुक दुबैलाई मान्य हुने किसिमले कानुन संशोधन गर्न राजी भएपछि विवाद समाधान भएको हो ।

अस्ट्रेलियाली अर्थमन्त्री जस फ्राइडेन्बर्ग र फेसबुकबीच केही महत्वपूर्ण विषयमा सहमति भएको बताइएको छ । फेसबुक अस्ट्रेलियाका व्यवस्थापन निर्देशक विल एस्टोनले जनचासोको पत्रकारिताका क्षेत्रमा थप लगानी गर्न फेसबुक इच्छुक रहेको बताउँदै आगामी दिनमा अस्ट्रेलियाली नागरिकका लागि फेसबुकमा समाचारको पहुँच बढाइने जानकारी दिनुभयो ।

फेसबुकले अस्ट्रेलियाली सञ्चारमाध्यमबाट प्रवाहित समाचारमा रोक लगाएसँगै अस्ट्रेलियाली जनमानसमा नकारात्मक असर परेको थियो ।

अस्ट्रेलियाली प्रधानमन्त्री स्कट मरिसनले फेसबुकको कदमप्रति रोश प्रकट गर्दै कडा आलोचना गर्नु भएको थियो । अस्ट्रेलियाको संसद्ले यसै साता पारित गर्न लागेको कानुनमा फेसबुक र गूगलले स्थानीय सञ्चारमाध्यमलाई भुक्तानी गरेमा थप दण्डित नगरिने उल्लेख छ ।

साथै गूगल र फेसबुकलाई मध्यस्थताका लागि दुई महिनाको समय थप गरिएको छ । दुबै प्रविधि कम्पनीले अस्ट्रेलिया सरकारले अघि बढाएको कानुन उपयुक्त नभएको भन्दै आपत्ति जनाएका थिए ।

एक अध्ययन अनुसार, हाल अस्ट्रेलियाली विज्ञापनदाताले विज्ञापन बापत १०० डलर खर्च गरे गूगलले ४९ डलर र फेसबुकले २४ डलर प्राप्त गर्दछन् ।

### अफगानिस्तानको हेल्मन्डमा आठ जना विद्रोही मारिए

लस्कर गह, अफगानिस्तान, ११ फागुन (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको दक्षिणी हेल्मन्ड प्रान्तमा सेनाले गरेको कारबाहीमा कम्तीमा आठ जना तालिबान विद्रोहीको ज्यान गएको सेनाले जनाएको छ । हेल्मन्ड प्रान्तको नहर-ए-सराज जिल्लामा विद्रोही लुकेर बसेको भन्ने सूचनाका आधारमा सोमबार राति सेनाले कारबाही गरेको थियो । सेनाको हवाई कारबाहीमा आठ लडाकूको घटनास्थलमै मृत्यु भएको थियो ।

सेनाले देशभित्र सशस्त्र विद्रोही समूह देखे जुनसुकै बखत कारबाही गर्ने जनाएको छ । हेल्मन्ड प्रान्तमा सक्रिय रहेको तालिबान समूहले भने कुनै प्रतिक्रिया जनाएको छैन ।

### अफगानिस्तानमा कोभिड-१९ विरुद्धको खोप अभियान शुरु

काबुल, ११ फागुन (रासस/एएफपी) ।

अफगानिस्तानमा मङ्गलबारदेखि कोभिड-१९ विरुद्धको खोप अभियान शुरु भएको छ ।

भारत सरकारले उपलब्ध गराएको कोभिसिल्ड पाँच लाख डोजबाट खोप अभियान शुरु भएको हो । अफगान सरकारका अनुसार उक्त खोप पहिलो चरणमा चिकित्सक, सुरक्षाकर्मी र पत्रकारलाई दिइने छ ।

राष्ट्रपति अश्रफ घानीले खोप अभियान शुरु गर्दै पहिलो चरणको खोप अभियान शुरु भएको र यो अफगानी जनताका लागि ठूलो अवसर रहेको बताउनुभयो ।

अफगानिस्तानमा करिब ५५ हजार ६०० व्यक्ति कोरोना सङ्क्रमित भएका र तीमध्ये दुई हजार ४३० जनाको मृत्यु भएको थियो ।

### भारतको उत्तराखण्डमा पाँच प्रदेशबाट आउनेलाई अनिवार्य कोरोना परीक्षण

देहरादुन, ११ फागुन (रासस/एएनआई) ।

भारतको उत्तराखण्ड प्रदेशमा अन्य पाँच प्रदेशबाट आउने व्यक्तिलाई कोरोनाभाइरस परीक्षण अनिवार्य गरिएको छ ।

अधिकारीका अनुसार, महाराष्ट्र, गुजरात, कर्नाटक, मध्य प्रदेश र छत्तीसगढ प्रदेशबाट आउनेलाई परीक्षण अनिवार्य गरिएको हो ।

कोरोनाभाइरसको महामारीबाट अत्यन्त प्रभावित भएकाले ती प्रदेशबाट आएकालाई परीक्षण अनिवार्य गरिएको अधिकारीले जनाएका छन् ।

“उल्लेखित प्रदेशमा कोरोनाभाइरसको महामारी अझै न्युन भएको छैन, त्यसैले ती मध्ये जुन प्रदेशबाट आएपनि उनीहरुलाई कोरोना परीक्षण गराउन निर्देशन छ,” निर्देशनमा उल्लेख गरिएको छ ।

विभिन्न प्रदेशमा कोरोनाभाइरसबाट सङ्क्रमित र मृत्यु भएकाको सङ्ख्यामा बृद्धि भएपछि यस्तो व्यवस्था गरिएको हो ।

भारतमा मंगलबार बिहान थप १० हजार ५८४ जना नयाँ सङ्क्रमित थपिएका छन् भने अरु ७८ जनाको मृत्यु भएको छ । यो सङ्ख्या पछिल्लो २४ घण्टामा भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाको कुल सङ्ख्या एक करोड १० लाख १६ हजार ३४३ पुगेको छ । तीमध्ये एक लाख ४७ हजार ३०६ अझै सक्रिय अवस्थामा रहेका छन् ।

त्यसैगरी कोरोनाका कारण भारतमा अहिलेसम्म एक लाख ५६ हजार ४६३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

# अवैध चाँदीसहित भारतीय नागरिक पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

अवैध चाँदीसहित सशस्त्र प्रहरीले सोमबार राती एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ बेल्ही क्षेत्रबाट प्रहरीले भारत बिहार राज्यको मधुवनी जिल्ला भरफौरी ग्रामपंचायत निवासी २६ वर्षिय जोसिम आलमलाई पक्राउ गरेको हो।

भारतबाट चाँदी बोकेर पैदल आउँदै गरेको अवस्थामा प्रहरीले टोलीले चेकजाचका क्रममा आलमको साथबाट एक किलो ३९ ग्राम चाँदीको बिस्कुट फेला पारेको सशस्त्र प्रहरी उपरिक्षक श्रेष्ठले जानकारी दिएका छन्।

पक्राउ परेका आलमलाई आवश्यक कारवाहीका लागि बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको प्रहरी उपरिक्षक श्रेष्ठले बताए।

### श्रोत नखुलेको ...

उनीहरुसँग ठूलो रकम कहाँबाट र कसरी आयो भन्ने विषयमा थप अनुसन्धान कार्य भइरहेको सशस्त्र प्रहरी उपरिक्षक श्रेष्ठले बताए।

# सात महिनाको अवधीमा सप्तरीमा ४ सय ८३ सवारी दुर्घटनामा ४८ को मृत्यु





**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

चालु आर्थिक वर्षको सात महिनाको अवधीमा सप्तरी जिल्लामा ४ सय ८३ सवारी दुर्घटना हुँदा ४८ जनाको मृत्यु भएको छ।

बढ्दै गएको सवारी दुर्घटना न्युनिकरण गर्ने उद्देश्यले मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा चालक र सवारीधनी समेतको उपस्थितिमा आयोजना गरिएको सचेतना कार्यक्रममा सो जानकारी दिइएको हो।

दुर्घटना न्युनिकरण गर्न तथा यात्रुलाई सुरक्षित यात्राको अनुभुति गराउन आयोजित सचेतना कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता भुवनेश्वर प्रसाद साहले प्रदेश २ को ८ वटै जिल्ला मध्ये सप्तरीमा बढी सवारी दुर्घटना भएको जानकारी दिए।

उनले सवारी चालकहरुको लापरवाहीका कारणले बढी दुर्घटना हुने गरेको जानकारी दिँदै सात महिनाको अवधीमा सवारी दुर्घटनामा परि ६ सय २४ सवारीसाधनमा क्षति तथा ६ सय ३० जना घाइते समेत भएको जानकारी दिए।

सोही अवधीमा सवारी ऐन नियम विपरीत काम गर्ने चालक र सवारीधनीबाट जरिवाना बापत ७३ लाख २१ हजार रुँपैया राजश्व संकलन समेत गरिएको उनले बताए।

सोमबार र मंगलबार दुई दिनमा गरि सवारी दर्ता किताब, नम्बर प्लेट, सवारी चालक अनुमती पत्र, सवारीको बिमा, आवश्यक कागजपत्रहरु नपाईएका ३५ वटा ट्याक्टरलाई नियन्त्रणमा लिएको जनाउँदै नियन्त्रणमा लिइएका ट्याक्टर र चालकलाई ५ सयदेखी २ हजारसम्म जरिवाना समेत गराइएको उनले बताए।

कार्यक्रममा ट्राफिक प्रहरी कार्यालय शम्भुनाथका प्रहरी निरिक्षक यमलाल बन्जाडेले सम्पुर्ण सवारी चालक र धनीहरूले कागज पत्रहरू बोकी मात्र सवारी चलाउन अनुरोध गरे। उनले दुर्घटना न्युनिकरणमा सवारी चालकहरुको महत्वपूर्ण भूमिका रहेको भन्दै ट्राफिक ऐन नियमबारे प्रशिक्षण तथा सोको पालना गर्न आवश्यक जानकारी दिए। कार्यक्रममा चार दर्जन भन्दा बढी चालक, सहचालकका साथै सवारीधनीहरु पनि सहभागि थिए।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान

भिडभाड हुने स्थान
भौतिक दुरी कम हुने स्थान
भेन्टिलेशन नभएको स्थान

यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*